**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १२ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगालका नवनियुक्त राज्यपाल आर.एन. रविले आज कोलकोताको लोकभवनमा पद र गोपनीयताको शपथ लिनु भयो।

२. ग्यास संकटलाई लिएर पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आगामी हप्ता कोलकातामा विरोध मार्चको नेतृत्व गर्नु हुने भएको छ।

३. पश्चिम बंगालमा एलपीजी सिलिन्डरको विषयमा केन्द्रीय मन्त्री सुकान्त मजुमदारले मुख्यमन्त्री ममता बनर्जी र उहाँको पार्टीका कार्यकर्ताहरूले बंगालमा आतंक सिर्जना गर्ने प्रयास गरिरहेको बताउनु भयो।

४. मौसम विभागले आगामी केही दिनमा दक्षिण तथा उत्तर बंगालका जिल्लाहरूमा मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको बताएको छ।

५. दार्जिलिङका प्यारा ब्याडमिन्टन खेलाडी अंकित प्रधानले ७ औं राष्ट्रिय प्यारा ब्याडमिन्टन च्याम्पियनसिप २०२५-२६ मा डबल्समा कांस्य पदक जितेर पश्चिम बंगाललाई गौरवान्वित बनाएको छ।

**नवनियुक्त राज्यपालको शपथ**

पश्चिम बंगालका नवनियुक्त राज्यपाल आर.एन. रविले आज कोलकोताको लोकभवनमा पद र गोपनीयताको शपथ लिनु भयो। कलकत्ता उच्च अदालतका न्यायाधीश सुजय पलले उहाँलाई शपथ गराउनु भयो। शपथ ग्रहण समारोहमा मुख्यमन्त्री ममता ब्यानर्जी, मुख्य सचिव नन्दिनी चक्रवर्ती, विधानसभा अध्यक्ष विमान ब्यानर्जी र वाम मोर्चाका अध्यक्ष विमान बोस लगायत धेरै विशिष्ट व्यक्तिहरू उपस्थित थिए। समारोह बिहान ११:३० बजे निर्धारित समयमा सुरु भयो। शपथ ग्रहण अघि र पछि राष्ट्रिय गीत *वन्दे मातरम* र राष्ट्रिय गान *जन गण मन* प्रस्तुत गरिएको थियो। समारोहपछि राज्यपालले मुख्यमन्त्री र अन्य पाहुनाहरूसँग औपचारिक अन्तरक्रिया गर्नु भयो। उल्लेखनीय छ, वर्तमान राज्यपाल सी.भी. आनन्द बोसको राजीनामापछि आर.एन. रविलाई पश्चिम बंगालको राज्यपाल नियुक्त गरिएको छ। यसअघि, उहाँले तमिलनाडुको राज्यपालको रूपमा सेवा गर्नु भएको थियो र अघिल्लो दिन हिजो मात्र कोलकाता आइपुग्नु भएको थियो। तमिलनाडुको राज्यपालको रूपमा उहाँको कार्यकालमा, विभिन्न मुद्दाहरूमा राज्य सरकारसँग मतभेदहरू प्रकाशमा आएका थिए। धेरै विधेयकहरूलाई लिएर राज्य सरकार र राजभवनबीच टकरावको स्थिति सिर्जना भएको थियो। पूर्व राज्यपाल आनन्द बोसको अचानक राजीनामाको बारेमा प्रश्न उठाउनु हुँदै मुख्यमन्त्री ममता ब्यानर्जीले राजीनामाको पछाडिको विशेष कारणहरूबारे आफूलाई थाहा नभए पनि विधानसभा चुनाव अघिको परिस्थितिले यस विकासको बारेमा धेरै प्रश्नहरू खडा गरेको बताउनु भयो।

**मुख्यमन्त्री ममता - राज्यपाल**

आर.एन. रविले आज पश्चिम बंगालको २२ औं राज्यपालको रूपमा पदको शपथ लिनु भयो। शपथ ग्रहण समारोहपछि उहाँसँगको भेटमा मुख्यमन्त्री ममता ब्यानर्जीले टिप्पणी गर्नु भयो, "बङ्गालले बंगाललाई माया गर्नेहरूलाई माया गर्छ। समारोहपछि, नयाँ राज्यपाललाई स्वागत गर्नु हुँदै मुख्यमन्त्रीले उहाँलाई परम्परागत अङ्गावस्त्र प्रदान गर्नु भयो। मुख्यमन्त्रीले

भन्नुभयो, बंगाल र बंगालीहरूले सबै भाषिक पृष्ठभूमिका मानिसहरूलाई सम्मान गर्छन्। यहाँ सबैजना शान्तिपूर्वक एकसाथ बस्छन्। यद्यपि, सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने बंगालले बंगाललाई माया गर्नेहरूलाई माया गर्छ; यो बंगालीहरूको परिभाषित विशेषता हो। जवाफमा, राज्यपाल आर.एन. रविले पश्चिम बंगालले ऐतिहासिक रूपमा भारतको बौद्धिक र सांस्कृतिक राजधानीको रूपमा सेवा गरेको अवलोकन गर्नु भयो।
यसैबीच, राजनीतिक पर्यवेक्षकहरू विश्वास गर्छन् कि मुख्यमन्त्रीको भनाइले नयाँ राज्यपाललाई सूक्ष्म राजनीतिक सन्देशको रूपमा पनि काम गर्छ। राज्यको हित वा राज्य सरकारको कामकारबाही विपरीत हुने कुनै पनि कदम चालिएन भने मात्र राज्य सचिवालय र राजभवनबीचको सुमधुर सम्बन्ध सम्भव छ भन्ने उनीहरूको धारणा छ।

## समरेश बसुलाई श्रद्धाञ्जली अर्पण

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज प्रख्यात बंगाली साहित्यकार समरेश बसुलाई उहाँको पुण्यतिथिको अवसरमा श्रद्धाञ्जली अर्पण गर्नु भयो।सामाजिक सञ्जालको एक पोस्टमा, मुख्यमन्त्रीले लेख्नु भएको छ उहाँ बंगाली साहित्यका कालातीत व्यक्तित्व समरेश बसुलाई उहाँको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्छु।समरेश बसुलाई बंगाली साहित्यका अग्रणी कथाकारहरूमा गनिन्छ र उनका कृतिहरू आज पनि साहित्यिक जगतमा व्यापक रूपमा पढिन्छन् र प्रशंसित हुन्छन्।

## मुख्यमन्त्री ममता - ग्यास संकट विरोध

पश्चिम एशियामा भइरहेको युद्धको कारणले सृजित ग्यास संकटलाई लिएर पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आगामी हप्ता कोलकातामा विरोध मार्चको नेतृत्व गर्नु हुने भएको छ। उहाँले यस संकटको लागि केन्द्र सरकारका नीतिहरूलाई जिम्मेवार ठहराउनु भएको छ। पार्टी सूत्र अनुसार तृणमूल कंग्रेस प्रमुखले आगामी सोमवार सड़कमा उत्रेर केन्द्र सरकारका नीतिहरूको विरोधमा प्रदर्शन गर्नु हुनेछ। तथापि मार्चको मार्ग अहिले नै निश्चित गरिएको छैन। मुख्यमन्त्रीले आरोप लगाउनु भयो, केन्द्र सरकार यस संकटको पूर्वानुमान लगाउन र आवश्यक तयारी गर्नमा विफल भएको छ। उहाँले प्रश्न उठाउनु भयो, भान्सा ग्यासको बुकिंगबीच 25 दिनको अन्तर किन गरियो? साथै देशमा उपलब्ग ग्यास भण्डारको जानकारी किन सार्वजनिक गरिएन?
मुख्यमन्त्रीले गत बुधवार तेल कम्पनी तथा भान्सा ग्यास वितरक प्रतिनिधिहरूसित आपतकालीन बैठक गर्नु भएको थियो। बैठकपछि उहाँले भन्नु भएको थियो, पेट्रोल र डिजलको आपूर्ति अहिले नै गम्भीर रूपमा प्रभावित भएको छैन, तर भान्सा ग्यास सिलेण्डरको आपूर्तिमा समस्या आइरहेको छ। उहाँले भन्नु भयो, राज्यमा उपलब्ध ग्यास भण्डारलाई हाल राज्य बाहिर नपठाउने निर्देश दिइएको छ। साथै यस संकटको सामना गर्नको लागि राज्य सरकारले एक मानक कार्यप्रणाली पनि बनाउनेछ।

## सुकान्त मजुमदार

पश्चिम बंगालमा एलपीजी सिलिन्डरको अभाव भएको दाबीमा प्रतिक्रिया जनाउँदै केन्द्रीय मन्त्री सुकान्त मजुमदारले मुख्यमन्त्री ममता बनर्जी र उहाँको पार्टीका कार्यकर्ताहरूले बंगालमा आतंक सिर्जना गर्ने प्रयास गरिरहेको बताउनु भयो। उहाँले भन्नुभयो, धेरै टीएमसी नेताहरू ग्यास व्यापारी हुन्। टीएमसीका कार्यकर्ताहरूले डिलरहरूलाई ग्यास लिन र कालोबजारी गर्न धम्की दिइरहेका छन् । टीएमसीले ग्यास सिलिन्डरहरुको नक्कली संकट सिर्जना गरेर केन्द्र सरकार विरुद्ध मुद्दा सिर्जना गर्ने प्रयास गरिरहेको उहाँले बताउनु भयो।

## ग्यासको आपूर्तिमा पुलिसद्वारा निगरानी

पश्चिम एशियामा जारी तनाउबीच भान्सा ग्यासको आपूर्ति प्रभावित हुने आशंकालाई मध्यनजर गर्दै कोलकाता पुलिसले शहरभरि नै निगरानी बढ़ाएको छ। एकजना वरिष्ठ पुलिस अधिकारीले आज भन्नु भयो, एलपीजी सिलेण्डरहरूको कालो बजारलाई रोक्नको लागि सबै थानाहरूलाई विशेष सतर्कता अप्नाउने निर्देश दिइएको छ। पुलिस मुख्यालय लाल बजारद्वारा जारी निर्देशानुसार शहरका सबै पुलिस थानाहरूलाई एलपीजी सिलेण्डरको आवागमन र वितरणमाथि नजर राख्न भनिएको छ। साथै कुनै पनि प्रकारको जमाखोरी वा अवैध बिक्रीलाई रोक्नको लागि विशेष निगरानी व्यवस्था गरिएको छ।
यो निर्णय मुख्यमन्त्री ममता ब्यनर्जीद्वारा हिजो एलपीजी वितरकहरूसित गरिएको आपत बैठकपछि लिइएको हो। बैठकमा

मुख्यमन्त्रीले उपलब्ध ग्यास भण्डारको वितरण तयार गर्ने अनि सिलेण्डरहरूको कालो बजारलाई रोक्नको लागि मानक कार्यप्रणाली बनाउने निर्देश दिनु भएको थियो।

**ग्यास संकट - सिलगढ़ी**

सिलगढ़ीमा भान्सा ग्यासको ठूलो अभाव रहेको कारणले होटल, रेस्टोरेन्ट तथा क्याटरिङ व्यवसायसित जोड़िएका मानिसहरूले गम्भीर संकटको सामना गरिरहेका छन्। व्यवसायीहरूको भनाइ छ, यदि स्थिति केही दिनसम्म यस्तै रहे कतिपय मानिसहरूलाई बाध्यतावश आफ्नो व्यवसाय बन्द गर्नुपर्नेछ। सिलगढ़ी होटल ओनर्स एसोसिएशनका संयुक्त सचिव उज्जवल घोषले बताउनु भयो, शहरको फुडिङ तथा लजिङ होटलहरू पनि ग्यास संकटसित जुझिरहेका छन्। अहिलेघरि पर्यटन सीजन चलिरहेको छ जसले गर्दा होटलहरूमा अतिथिहरूको संख्या बढ़छ। तर ग्यासको अभावमा सेवाहरूलाई जारी राख्न समस्या भइरहेको छ। उहाँले अझ भन्नु भयो, हाल रहेको थेरथोर ग्यास धेर दिनसम्म चल्दैन। यदि चाँड़े ग्यास आपूर्ति सामान्य नभए होटलहरू बन्द गर्नुपर्ने स्थिति आइलाग्नेछ। यसबाट होटल व्यवसाय मात्र नभएर यहाँ काम गर्ने कर्मचारीहरूको रोजगार पनि प्रभावित हुनेछ। यस संकटलाई मध्यनजर गर्दै एसोसिएशनले सरकारसित तुरून्तै हस्तक्षेप गर्ने माग गरेको छ। उनीहरूको भनाइ छ, ग्यास आपूर्तिको समस्या चाँड़ै समाधान गरियोस् ताकि व्यवसाय सामान्य रूपमा संचालन हुन सकोस् अनि यस व्यवसायसित जोड़िएका हजारौं मानिसहरूको आजीविका सुरक्षित रहन सकोस्।

**'परिवर्तन यात्रा' भाजपा**

पश्चिम बंगालमा भारतीय जनता पार्टीको 'परिवर्तन यात्रा' को बारेमा, पार्टीले दावी गरेको छ कि यस पहलले राज्यभर व्यापक जनसमर्थन प्राप्त गरेको छ, जसले गर्दा राजनीतिक परिवर्तनको लागि अनुकूल वातावरण सिर्जना भएको छ। यी दाबीहरू आज साल्ट लेकस्थित पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा गरिएको थियो। पत्रकार सम्मेलनमा भाजपा राज्य सह-उपाध्यक्ष तथा पूर्व केन्द्रीय मन्त्री श्रीमती देबश्री चौधरी, पार्टीका राज्य प्रमुख प्रवक्ता देबजीत सरकार उपस्थित थिए। पत्रकार सम्मेलनको उद्घाटन गर्दै देबजीत सरकारले भन्नु भयो, परिवर्तन यात्रामा १ करोडभन्दा बढी मानिसहरूले प्रत्यक्ष रूपमा भाग लिएका थिए, जबकि लगभग २ करोड ५० लाख अन्य मानिसहरू विभिन्न माध्यमहरूमार्फत अप्रत्यक्ष रूपमा यससँग जोडिएका थिए। उहाँले दावी गर्नु भयो, यात्रा पहाडदेखि समुद्रसम्म राज्यभरका लगभग हरेक ब्लक र गाउँमा पुगेको छ।
उहाँले भन्नु भयो, यात्राले राज्यका जनता वर्तमान प्रशासनमा परिवर्तन चाहन्छन् र एक विकल्पको रूपमा भाजपामाथिको उनीहरूको विश्वास बढ़दै गएको संकेतको रूपमा काम गर्दछ। उहाँका अनुसार, आगामी चुनावमा तृणमूल कांग्रेस सरकार विरुद्ध जनताको आक्रोश प्रकट हुनेछ। त्यसपछि उहाँले परिवर्तन यात्राबाट प्राप्त समर्थनबाट तृणमूल कांग्रेस अस्थिर भएको बताउ उ भयो। उहाँले राज्य सरकारले मतदाता सूची संशोधन प्रक्रियाको बारेमा अनावश्यक रूपमा विवाद खडा गरिरहेको आरोप लगाउनु भयो। उहाँले भन्नु भयो, अन्य राज्यहरू जस्तै, पश्चिम बंगालमा पनि यो प्रक्रिया निर्वाचन आयोगको निर्देशन अनुसार कडाइका साथ सञ्चालन गरिनुपर्छ। उहाँले राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीलाई संवैधानिक संस्थाहरू विरुद्ध आक्रामक टिप्पणी गरेको आरोप पनि लगाउनु भयो।

**एसएफआई को एसडीओ कार्यालय अभियान**

सरकारी स्कूलहरूको बुनियादी ढाँचामा सुधार, वैध फीस संरचना लागू गर्ने तथा अतिरिक्त फीस असुली बन्द गर्ने मागमा बिहीवार स्टुडेण्ट्स फेडरेशन अफ इण्डिया (एसएफआई), दार्जीलिङ जिल्ला कमिटीले सिलगढ़ीमा सब-डिभीजनल अफिसर (एसडीओ) कार्यालय तर्फ मार्च निकाल्यो। विद्यार्थीहरूका विभिन्न समस्याहरूलाई अगाड़ि राखेर यस कार्यक्रमको आयोजना गरिएको थियो। प्रदर्शनकारीहरूले माग गरे, चिया बगान क्षेत्रका विद्यार्थीहरूको लागि विशेष सरकारी स्कलरशिप तथा स्टाइपेण्ड शुरू गरियोस्। साथै उनीहरूको शिक्षालाई सुरक्षित राख्नको लागि एक विशेष आर्थिक प्याकेजको घोषणा गरियोस्। प्रदर्शन अवधि एसएफआई कार्यकर्ताहरूले विद्यार्थीहरूको लागि सार्वजनिक परिवहनमा विशेष छुट दिने माग पनि गरे। उनीहरूको भनाइ छ, बढ़दो यात्रा खर्चको कारणले धेरैजना विद्यार्थीहरूलाई नियमित स्कूल जानमा समस्या भइरहेको छ। प्रदर्शनकारीलाई एसडीओ कार्यालयमा पुगेपछि पुलिसले उनीहरूमाथि रोक लगायो। आरोप छ, कार्यालय परिसरमा प्रवेश गर्दैगर्दा पुलिसले मुख्य गेट नै बन्द गरिदियो। त्यसपछि एसएफआई कार्यकर्ताहरू एसडीओ कार्यालयको मुख्य गेट अगाड़ि बसेर धरना

दिए। त्यहीँ नै केही समयसम्म विरोध प्रदर्शन जारी रह्यो। पछि स्थितिलाई शान्त गर्नको लागि संगठनका नेताहरूले पुलिस अधिकारीहरूसित बातचित गरे।

**ब्राउन शुगरसहित एक पक्राउ**

नक्सलबाड़ी थाना पुलिसले ब्राउन शुगरसहित एक महिला लागूऔषध तस्करलाई पक्राउ गरेको छ। पक्रा परेकी महिलाको पहिचान नक्सलबाड़ी जिल्लाको खालबस्ती क्षेत्रकी निवासी स्वप्ना बेगमको रूपमा गरिएको छ। पुलिस सूत्रहरू अनुसार, गुप्त सूचनाको आधारमा हिजो राति नक्सलबाड़ी थाना क्षेत्र अन्तर्गत प्रेमनगर कोलोनीमा छापा मारिएको थियो। छापा मार्ने क्रममा एक शंकास्पद महिलालाई नियन्त्रणमा लिइयो र उसको खानतलाशी लिइयो र लगभग 70 ग्राम ब्राउन शुगर जफत गरियो। पुलिसले महिलालाई एनडीपीएस एक्ट अन्तर्गत पक्राउ गरेको छ। यस घटनामा अरुको संलग्न छ कि छैन भनेर पत्तो लगाउन नक्सलबाड़ी थाना पुलिसले अनुसन्धान शुरु गरेको छ।

**मौसम**

पश्चिम बंगालको मौसम अहिलेघरि परिवर्तनशील देखिएको छ। कहिले आकाशमा बादल लाग्छ भने केही समयपछि चर्को घाम लाग्छ। यसबीच अलिपुर मौसम विभागले आगामी केही दिनमा दक्षिण तथा उत्तर बंगालका जिल्लाहरूमा मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको बताएको छ। यसको साथै तीव्र हावा चल्ने अनुमान पनि लगाइएको छ। आज बिहानदेखि कोलकताको आकाश बादलले ढाकेको छ। मौसम विभागानुसार शहरका केही क्षेत्रहरूमा छुटपुट वर्षा तथा तीव्र हावा चल्ने सम्भावना छ। साथै बज्रपातलाई लिएर सतर्कता जारी गरिएको छ। मौसम विभागले बतायए अनुसार आगामी 24 घण्टामा उत्तर बंगालका केही जिल्लाहरूमा पनि मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। दार्जीलिङ, जलपाईगुड़ी, मालदा तथा दक्षिण दिनाजपुर जिल्लाको लागि विशेष सतर्कता जारी गरिएको छ। यसरी नै सिक्किमका पार्वतीय क्षेत्रहरूमा हल्का वर्षा अनि हिमपात हुने सम्भावना रहेको छ। मौसम विभागले किसानहरूलाई विशेष सल्लाह दिएको छ, आलु तयार भइसकेको छ भने त्यसलाई चाँड़ै निकालेर सुरक्षित स्थानमा भण्डारण गरियोस्, किनभने अचानक हुने वर्षाले फसललाई नोक्सान पुऱ्याउनसक्छ।

**प्यारा ब्याडमिन्टन खेलाडी अंकित प्रधान**

दार्जिलिङका प्यारा ब्याडमिन्टन खेलाडी अंकित प्रधानले ७ औं राष्ट्रिय प्यारा ब्याडमिन्टन च्याम्पियनसिप २०२५-२६ मा डबल्समा कांस्य पदक जितेर पश्चिम बंगाललाई गौरवान्वित बनाएको छ। उल्लेखनीय छ, यो प्रतियोगितामा पश्चिम बंगालले प्राप्त गरेको एक मात्र पदक थियो। सीमित स्रोतसाधन र प्रमुख संस्थागत सहयोगको अभावका बाबजुद, अंकितले राष्ट्रिय मञ्चमा कडा संघर्ष गरे र प्रभावशाली प्रदर्शन गरे। यो उपलब्धि उनको दोस्रो राष्ट्रिय पदक हो, जसले राज्य र देशको प्रतिनिधित्व गर्ने उनको समर्पण र दृढ संकल्प देखाउँछ। विजयपछि बोल्दै, अंकितले प्यारा खेलाडीहरूले सामना गर्ने चुनौतीहरूलाई प्रकाश पारे र सरकार र अधिकारीहरूलाई प्यारा खेलकुदका लागि बढी आर्थिक सहयोग, राम्रो प्रशिक्षण सुविधा र उपकरणहरू प्रदान गर्न आग्रह गरे। उचित सहयोगको साथ, पश्चिम बंगालका प्यारा खेलाडीहरूले धेरै ठूला नतिजाहरू प्राप्त गर्न सक्छन् र राज्य र भारतको लागि थप पदकहरू ल्याउन सक्छन्," उनले भने।अंकितले अन्तर्राष्ट्रिय स्तर र भविष्यका प्याराओलम्पिक कार्यक्रमहरूमा भारतको प्रतिनिधित्व गर्ने सपना बोकेर प्रशिक्षण जारी राखेका छन्, आशा छ कि सरकार र खेलकुद निकायहरूबाट बलियो समर्थनले प्यारा खेलाडीहरूलाई उनीहरूको पूर्ण क्षमतामा पुग्न मद्दत गर्नेछ।

**भुतपुर्व विद्यार्थी सगठन -सचेतना कार्यक्रम**

बिजनबारी स्थित विद्यासागर

**********